# स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः १ | संख्याः १ | मितिः २०७९/०४/१०

## भाग — १

कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

# कागेश्वरी मनोहरा नगरपालिकाको शिक्षा ऐन (दोश्रो संशोधन), २०७९

शिक्षा ऐन (दोश्रो संशोधन) २०७९

प्रस्तावनाः कागेश्वरी मनोहरा नगरपालिकाको शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, कागेश्वरी मनोहरा नगरपालिकाको छैठौं नगरसभाले यो ऐन वनाएको छ ।

१) **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम कागेश्वरी मनोहरा नगरपालिकाको "शिक्षा ऐन (दोश्रो संशोधन) २०७९" रहेको छ ।

(२) यो ऐन कागेश्वरी मनोहरा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२) **<u>शिक्षा ऐन, २०७५ को प्रस्तावनामा संशोधनः</u>** शिक्षा ऐन, २०७५ (यसपछि "मुल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "हरेक बालबालिका र नागरिकको" भन्ने शव्दहरू पछाडि "संविधानप्रदत्त अनिवार्य" भन्ने शव्दहरू थप गरिएको छ ।

३) **<u>मुल ऐनको दफा २(घ) मा संशोधनः</u>** मुल ऐनको दफा २(घ) पछि देहायको दफा २(घ)१ थपिएको छ ।

२(घ)१: "अनिवार्य शिक्षा" भन्नाले नेपाल सरकारद्वारा तोकिएको उमेर समूहका बालबालिकाहरुलाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्थालाई सम्झनुपर्दछ ।

४) **<u>मुल ऐनको दफा २(च) मा संशोधनः</u>** मुल ऐनको दफा २(च) मा देहायको संशोधन गरिएको छ ।

क) दफा २(च) मा रहेका "असक्षमता अवस्था" भन्ने शव्दहरुको सट्टामा "अपांगता" भन्ने शव्द राखिएको र "बालबालिकालाई छुट्टै समूहमा राखी" भन्ने शव्दहरु पछि "विशेष प्रकार र निश्चित माध्यमबाट" भन्ने शव्दहरु थप गरिएको छ ।

ख) दफा २(च) पछि देहायको दफा २(च)१ थप गरिएको छ ।

"२(च)१ : "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छः

*क)* दृष्टिविहीन, न्युन दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिजम, बौद्धिक, शारीरिक वा अन्य अपांगता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा,

ख) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।"

५) **<u>मुल ऐनको दफा २(ट) मा संशोधनः</u>** मुल ऐनको दफा २(ट) खारेज गरिएको छ ।

६) **<u>मुल ऐनको दफा २(म) मा संशोधनः</u>** मुल ऐनको दफा २(म) मा रहेका "र निजले सम्बन्धित विद्यार्थिलाई स्थानीय अविभावकको रुपमा सम्पूर्ण दायित्व वहन गर्ने व्यहोराको स्पष्ट शिफारिस सम्बन्धित वडा समितिको कार्यालयवाट प्राप्त गर्नु पर्नेछ" भन्ने शव्दहरु झिकिएको छ ।

७) **<u>मुल ऐनको दफा ७ मा संशोधनः</u>** मुल ऐनको दफा ७ मा रहेका "यस नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी" भन्ने शव्दहरू पछाडि "अनिवार्य शिक्षाको व्यवस्थालाई समेत सम्बोधन गर्ने गरी" भन्ने शव्दहरू थप गरिएको छ ।

८) **<u>मुल ऐनको दफा १५(१) मा संशोधनः</u>** मुल ऐनको दफा १५(१) मा रहेका "तथापि आवश्यकता अनुसार नगर शिक्षा समितिले पदाधिकारीहरु थप्न सक्नेछ" भन्ने शव्दहरू झिकिएको छ ।

९) **<u>मुल ऐनको दफा १५(१)क मा संशोधनः</u>** मुल ऐनको दफा १५(१)क मा देहायको संशोधन गरिएको छ ।

क) दफा १५(१)क मा रहेका "वा निजले तोकेको व्यक्ति एकजना" भन्ने शव्दहरू झिकिएको छ।

ख) दफा १५(१)क पछि देहायको दफा १५(१)क(१) थपिएको छ ।

"१५(१)क(१) नगर उप–प्रमुख –सदस्य"

१०) **<u>मुल ऐनको दफा १५(१)ख मा संशोधनः</u>** मुल ऐनको दफा १५(१)ख को सट्टा देहायको दफा १५(१) ख राखिएको छ ।

"१५(१) खः नगर सभा सदस्यमध्ये कम्तिमा एक महिला वा एक दलित पर्ने गरी ३ जना- सदस्य"

११) **<u>मुल ऐनको दफा १५(१)ग मा संशोधनः</u>** मुल ऐनको दफा १५(१)ग को सट्टामा देहायको दफा १५(१)ग राखिएको छ ।

"१५(१)गः शिक्षाविद, स्थानीय समाजसेवी तथा अभिभावक मध्येबाट नगर शिक्षा समिति प्रमुखले मनोनित गरेको एक महिला सहित ३ जना– सदस्य"

१२) **<u>मुल ऐनको दफा १५(१)घ मा संशोधनः</u>** मुल ऐनको दफा १५(१)घ को सट्टामा देहायको दफा १५(१)घ राखिएको छ ।

"१५(१)घः नगरपालिका क्षेत्रभित्र संचालित सामुदायिक तर्फ माध्यमिक र आधारभूत तथा संस्थागत विद्यालयको प्रधानाध्यापकहरू मध्ये सवैको प्रतिनिधित्व हुने गरी समितिले मनोनित गरको १ महिला सहित ३ जना –सदस्य"

१३) **<u>मुल ऐनको दफा १५(१)ङ मा संशोधनः</u>** मुल ऐनको दफा १५(१)ङ को सट्टामा देहायको दफा १५(१)ङ राखिएको छ ।

"१५(१)ङः नगरपालिका भित्र रहेको नेपाल शिक्षक महासंघको पदाधिकारी मध्ये २ जना – सदस्य"

१४) **<u>मुल ऐनको दफा १५(१)च मा संशोधनः</u>** मुल ऐनको दफा १५(१)च मा रहेका "१/१ जना" शव्दहरू पछि "गरि २ जना" भन्ने शव्दहरू थपिएको छ ।

१५) **<u>मुल ऐनको दफा १५(१)छ मा संशोधनः</u>** मुल ऐनको दफा १५(१)छ खारेज गरिएको छ ।

१६) **<u>मुल ऐनको दफा १५(१)ज मा संशोधनः</u>** मुल ऐनको दफा १५(१)ज खारेज गरिएको छ ।

१७) **<u>मुल ऐनको दफा १५(१)ड मा संशोधनः</u>** मुल ऐनको दफा १५(१)ड को सट्टामा देहायको दफा १५(१)ड राखिएको छ ।

"१५(१)डः समितिले आवश्यकता अनुसार शिक्षाविदहरूलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।"

१८) **<u>मुल ऐनको दफा १६(१) मा संशोधनः</u>** मुल ऐनको दफा १६(१) मा रहेका "७ जना" भन्ने शव्दहरुको सट्टामा "९ जना" भन्ने शव्दहरू राखिएको छ ।

१९) **<u>मुल ऐनको दफा १६(१)क मा संशोधनः</u>** मुल ऐनको दफा १६(१)क मा रहेका "निजले तोकेको लव्ध प्रतिष्ठित व्यक्ति" भन्ने शव्हरुको सट्टामा "सो काम गर्ने अख्तियारी पाएको वडा सदस्य" भन्ने शव्दहरू राखिएको छ ।

२०) **<u>मुल ऐनको दफा १६(१)घ मा संशोधनः</u>** मुल ऐनको दफा १६(१)घ पछि देहायको दफा १६(१)घ(१) थपिएको छ ।

"१६(१)घ(१): वडा भित्र रहेका प्याव्सन र एन प्याव्सनका १/१ जना प्रतिनिधि गरी २ जना- सदस्य"

२१) **<u>मुल ऐनको दफा १७(१) मा संशोधनः</u>** मुल ऐनको दफा १७(१) को सट्टामा देहायको दफा १७(१) राखिएको छ ।

"१७(१): सामुदायिक विद्यालयमा सशर्त अनुदानबाट पारिश्रमिक पाउने गरी रिक्त करार वा राहत अनुदान कोटा र बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्ति प्रचलित कानुनबमोजिम हुनेछ ।"

२२) **<u>मुल ऐनको दफा १७(२) मा संशोधनः</u>** मुल ऐनको दफा १७(२) को सट्टामा देहायको दफा १७(२) राखिएको छ ।

"१७(२): नगरभित्र सञ्चालित सामुदायिक विद्यालयमा नगरपालिकाको आन्तरिक श्रोतबाट आर्थिक दायित्व बेहोरिने गरी नियुक्ति हुने शिक्षक, बालविकास सहजकर्ता, आया तथा स्वयंसेवक शिक्षकको करार नियुक्ति सिफारिसका लागि देहाय बमोजिमको नगरस्तरीय शिक्षक तथा विद्यालय कर्मचारी छनोट समिति रहनेछ ।"

क) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत -संयोजक

ख) नगर शिक्षा समितिको सदस्यमध्ये नगर शिक्षा समितिका प्रमुखबाट मनोनीत १ जना -सदस्य

ग) सामुदायिक विद्यालयका प्र.अ.हरु मध्ये नगर शिक्षा समितिले मनोनयन गरेको १ जना -सदस्य

घ) नगर शिक्षा समितिले मनोनयन गरेको शिक्षा शास्त्रमा सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी माध्यमिक तहमा कार्यरत शिक्षण, मूल्यांकन र परीक्षाको अनुभवी शिक्षक १ जना -सदस्य

ङ) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा अधिकृत -सदस्य सचिव

२३) **<u>मुल ऐनको दफा १७(४) मा संशोधनः</u>** मुल ऐनको दफा १७(४) पछि देहायको दफा १७(५) थपिएको छ ।

"१७(५): शिक्षक तथा विद्यालय कर्मचारी छनोट प्रक्रियाका लागि नगरपालिकाले सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरू मध्येबाट विषयगत विज्ञहरुको रोष्टर तयार गरी प्रयोग गर्न सक्नेछ ।"

२४) **<u>मुल ऐनको दफा २०(१) मा संशोधनः</u>** मुल ऐनको दफा २०(१) को सट्टामा देहायको दफा २०(१) राखिएको छ ।

"२०(१): सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको व्यवस्थापन समिति रहनेछः

क) अभिभावकले आफुमध्येबाट छानी पठाएका २ जना महिला सहित ४ जना - सदस्य

ख) नगरपालिकाका सम्बन्धित वडाको अध्यक्ष वा सो काम गर्ने अख्तियारी पाएको वडा सदस्य - पदेन सदस्य

ग) स्थानीय बुध्दिजिवी, समाजसेवी, शिक्षाप्रेमी वा चन्दादाता एवं विद्यालय संस्थापकमध्ये नगर शिक्षा समिति प्रमुखले मनोनित गरेको १ जना महिला सहित २ जना - सदस्य

घ) शिक्षकहरुले आफूहरू मध्येवाट छानी पठाएको १ जना शिक्षक - सदस्य

ङ) विद्यालयका प्रधानाध्यापक- सदस्य सचिव

२५) **<u>मुल ऐनको दफा २०(२) मा संशोधनः</u>** मुल ऐनको दफा २०(२)मा देहायको संशोधन गरिएको छ ।

क) दफा २०(२) मा रहेका "नगर प्रमुखले मनोनित गरेका एकजना" भन्ने शव्दहरुको सट्टामा नगर शिक्षा समिति प्रमुखले मनोनित गरेका २ जना" भन्ने शव्दहरु राखिएको छ ।

ख) दफा २०(२) पछि देहायको दफा २०(२)क र २०(२)ख थप गरिएको छ ।

“२०(२)कः उपदफा १(क) (ख) वा (ग) बमोजिम छानिएका व्यवस्थापन समितिका सदस्यहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले नै अध्यक्षको चयन गर्नेछ ।”

“२०(२)खः उपदफा २०(२)क अनुसार विद्यालय व्यवस्थापन समितिले अध्यक्ष चयन गर्न असमर्थ रहेमा सो को व्यहोरा विद्यालयले नगर शिक्षा समितिलाई जानकारी गराउनु पर्नेछ र जानकारी प्राप्त भएपछि नगर शिक्षा समितिले अध्यक्षको चयन गर्नेछ ।”

२६) **<u>मुल ऐनको दफा २०(४) मा संशोधनः</u>** मुल ऐनको दफा २०(४) को सट्टामा देहायको दफा २०(४) राखिएको छ ।

“२०(४): विद्यालय व्यवस्थापन समिति सदस्यहरू छनौट भई अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा व्यवस्थापन समितिको बैठकको अध्यक्षता उपस्थितमध्ये जेष्ठ सदस्यले गर्ने छन् ।”

२७) **<u>मुल ऐनको दफा २०(६) मा संशोधनः</u>** मुल ऐनको दफा २०(६) को सट्टामा देहायको दफा २०(६) राखिएको छ ।

“२०(६): विद्यालय व्यवस्थापन समितिको कार्यकाल समाप्त भई वा अन्य कुनै कारणबाट समिति रिक्त भएमा अर्को समिति गठन नभएसम्मका लागि सम्बन्धित वडा अध्यक्षको अध्यक्षतामा पदेन सदस्यहरू तथा नगर शिक्षा समिति प्रमुखले मनोनित गरेको २ जना शिक्षाविद् तथा समाजसेवी समेत रहेको तदर्थ विद्यालय व्यवस्थापन समिति स्वतः गठन हुनेछ ।”

२८) **<u>मुल ऐनको दफा २०(८)क मा संशोधनः</u>** मुल ऐनको दफा २०(८)क मा रहेका “नगर प्रमुख” भन्ने शव्दहरूको सट्टामा “नगर शिक्षा समिति प्रमुख” भन्ने शव्दहरू राखिएको छ ।

२९) **<u>मुल ऐनको दफा २०(८)ख मा संशोधनः</u>** मुल ऐनको दफा २०(८)ख मा रहेका “१ जना महिला सहित २ जना” भन्ने शव्दहरूको सट्टामा “१ जना” भन्ने शव्दहरू राखिएको छ ।

३०) **<u>मुल ऐनको दफा २०(८)ग मा संशोधनः</u>** मुल ऐनको दफा २०(८)ग मा रहेका “नगर प्रमुख” भन्ने शव्दहरूको सट्टामा “नगर शिक्षा समिति प्रमुख” भन्ने शव्दहरू राखिएको छ ।

३१) **मुल ऐनको दफा २०(८)च मा संशोधनः** मुल ऐनको दफा २०(८)च को सट्टामा देहायको दफा २०(८)च राखिएको छ ।

“२०(८)चः नगर शिक्षा शाखाको शिक्षा सेवाको प्रतिनिधि १ जना - सदस्य”

३२) **<u>मुल ऐनको दफा २०(९) मा संशोधनः</u>** मुल ऐनको दफा २०(९) मा रहेका “३ शैक्षिक सत्रको” भन्ने शव्दहरूको सट्टामा “३ वर्षको” भन्ने शव्दहरू राखिएको छ ।

३३) **<u>मुल ऐनको दफा २०(९)क मा संशोधनः</u>** मुल ऐनको दफा २०(९)क खारेज गरिएको छ ।

३४) **<u>मूल ऐनको दफा २०(१२)त मा संशोधनः</u>** मूल ऐनको दफा २०(१२)ट खारेज गरिएको छ ।

३५) **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ पछि देहायको दफा २१ क थपिएको छ ।

"२१कः यो ऐन लागु भएपछि यस अघिको प्रावधान बमोजिम गठन भएका विद्यालय व्यवस्थापन समिति स्वतः विघटन हुनेछन । "

३६) **<u>मूल ऐनको दफा २०(१२)त मा संशोधनः</u>** मूल ऐनको दफा २३(२)घमा रहेका "प्राप्त विद्यालयको कुल वार्षिक आम्दामी मध्ये तोकिए बमोजिमको" भन्ने शब्दहरुको सट्टामा "सार्वजनिक उत्तरदायित्व वापत प्राप्त" भन्ने शब्दहरु राखिएको छ ।

३७) **<u>मूल ऐनको दफा ३०(२) मा संशोधनः</u>** मूल ऐनको दफा ३०(२) को सट्टामा देहायको दफा ३०(२) राखिएको छ ।

"३०(२) उपदफा (१) बमोजिम संस्थागत विद्यालयले नियमानुसार प्रदान गर्ने छात्रवृति मध्ये पचास प्रतिशत छात्रवृतिका लागि विद्यार्थी छनौट गर्न नगरपालिका मार्फत दरखास्त संकलन गरी संस्थागत विद्यालय समेतको सहभागितामा सम्बन्धित वादको प्रतिनिधित्व हुने गरी एक छात्रवृति छनौट समिति गठन गरिनेछ र सोही समितिले तोकिएको आधारमा छात्रवृति दिनुपर्ने विद्यार्थीको सिफारिस गर्नेछ ।

३८) **<u>मूल ऐनको दफा ३१(१) मा संसोधनः</u>** मूल ऐनको दफा ३१(१) पछि देहायको दफा ३१(१)क र ३१(१)ख थपिएको छ ।

"१(क)" नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको जग्गाको स्वामित्व, सम्पतिको अभिलेख, संरक्षण र व्यवस्थापन नगरपालिकाले गर्नेछ।

"१(ख)" यस दफामा अन्यत्र जुनसुकै व्यहोरा उल्लेखित भएता पनि दफा ३१ १(क) को प्रतिकुल नहुने गरी विद्यालयको अध्ययन अध्यापन कार्यमा वाधा नपर्नेगरी विद्यालयको जग्गा, जमिन एवंम् भवन सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सहमति लिई नगरपालिकाले सार्वजनिक प्रयोजनका लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

३९) **<u>मूल ऐनको दफा ३८(३) मा संशोधनः</u>** मूल ऐनको दफा३८(४) मा रहेका "तोके बमोजिमको प्रक्रिया अपनाई नगरपालिकाले" भन्ने शव्दहरुको सट्टामा "प्रचलित कानून बमोजिम" भन्ने शब्दहरु राखिएको छ।

४०) **<u>मूल ऐनको दफा ३८(४) मा संशोधनः</u>** मूल ऐनको दफा ३८(४) मा रहेका "नगर शिक्षा समितिले" भन्ने शब्दहरुपछि "शिक्षक सरुवा हुने र भई जाने दुवै" भन्ने शब्दहरु थप गरिएको छ र "सहमति नलिई" भन्ने शब्दहरुको सट्टामा "सहमतिमा" भन्ने शब्द राखिएको छ ।

पारित मितिः २०७९/०३/२५

प्रमाणिकरण मितिः २०७९/०३/३१

प्रकाशित मितिः २०७९/०४/१०

आज्ञाले,

भोज राज घिमिरे

प्रमुख प्रशासकीय अधिकृत